सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १४६ | वि.सं. २०७९ पुस ११ गते सोमबार | 26, 2022 Monday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## पर्सामा नयाँ प्रहरी प्रमुखको आगमन संगै तस्कर माफिया सञ्जालमा खुसियाली

वीरगञ्ज । पर्सामा नयाँ प्रहरी प्रमुखको आगमन सँगै तस्कर माफिया सञ्जालमा खुसियाली छाएको छ ।

कुनै आमुक राजनीतिक विचारलाई संरक्षण गर्ने संकल्प बोकेर पर्सा आएका प्रहरी प्रमुखले आफ्ना मातहत सबै यूनिटलाई अवैध कारोबार सञ्चालन गर्न र त्यसको वातावरण मिलाउन निर्देशन दिए बमोजिम अहिले तस्कर र माफिया सञ्चालनमा खुसियाली छाएको हो ।



सिमावर्ती नाकाबाट दैनिक करोडौंको राजस्व दोहन गरी त्यसबावपतको केहि हिस्सा प्रहरी प्रशासनलाई बुझाउने पुरानो परम्परालाई एसपी कोमल साहले निरन्तरता दिने संकेत दिएका छन् ।

सोही बमोजिम अहिले तस्कर र माफियाहरु मालामाल बन्ने र राजस्व चुहावट गरेर देशलाई हरिकंगाल बनाउने तत्वहरुमा खुसियाली छाएको हो ।

अहिले वीरगञ्जबाट मरिच, केराउ, छोहडा, विद्युतीय सामाग्री, लत्ताकपडा, मेसिनरीको तस्करी भइरहेको बताइन्छ भने ठाउँ ठाउँमा जुवातास र कौडा सञ्चालनको मौखिक लाइसेन्स प्रहरी कार्यालयले दिएपछि कैयौं सोझा वीरगञ्जवासीहरु हरिकंगाल बनेर पुरपुरोमा हात लगाई निरास बनेका छन् ।

यतिबेला जिल्ला प्रहरी कार्यालय पर्साले अवैध कारोबारीहरुलाई भेला गरी जनताको शान्ति सुरक्षा भन्दा पनि द्रव्यमोचन यात्रामा आफूलाई समर्पित गरेको बताँइन्छ ।

हालैमात्र पर्सा आएका प्रहरी प्रमुखको ग्रिन सिंग्लन मिलेपछि लखनउ लुट यात्रालाई प्रहरीले पछ्याएको छ भने अब पर्सामा अपराधजन्य घटनामा समेत बढोत्तरी हुने अनुमान लगाउन थालिएको छ ।

## १६७ सांसद्को समर्थनसहित नेपालको ४४ औँ प्रधानमन्त्री बन्दै प्रचण्ड ।



वीरगञ्ज । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल १६७ सांसदको समर्थनसहित मुलुकको ४४ औं प्रधानमन्त्री बन्ने भएका छन् ।
सत्ता गठबन्धनमा कांग्रेस सभापति शेरबहादुर देउवासँग कुरा नमिलेपछि एमाले अध्यक्ष केपी शर्मा ओलीसँग बार्ता गरेका प्रचण्ड ७ दल र १६७ सांसदसहित तेस्रो पटक प्रधानमन्त्री बन्न लागेका हुन् । बालकोटस्थित एमाले अध्यक्ष ओली निवासमा आइतबार दिउँसो बसेको ७ दलको बैठकले प्रधानमन्त्रीमा प्रचण्डलाई अघि सार्ने निर्णय भएको हो ।

२७५ सांसद् रहेको प्रतिनिधि सभामा प्रचण्डलाई एमाले, माओवादी केन्द्र, रास्वपा, राप्रपा, जसपा, जनमत , नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसद् अमरेशकुमार सिंहले समर्थन

***बाँकी तेश्रो पृष्ठमा***

## जथाभावी पार्किङ र फुटपाथ अतिक्रमण धमाधम हटाउँदै वीरगञ्ज महानगर



वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले रजत जयन्ति चोकदेखि बाइपास सडक क्षेत्रमा सडक पेटीमा राखेका निर्माण सामग्री तथा संरचना हटाएको छ ।
आइतबार बिहान महानगरका मेयर राजेशमान सिंह आफैं उपस्थित भएर सडक पेटीमा राखिएका निर्माण सामग्री हटाउनुका साथै सडक पेटी अतिक्रमण गरी बनाइएका संरचना हटाउन लगाएका हुन् ।
सडक छेउ, फुटपाथ र नालामाथि जथाभावी निर्माण सामग्री तथा ठेला राखेर व्यवसाय गर्दा तथा सवारी पार्किङ गर्दा पैदल हिँड्न र सवारी दुर्घटनासमेत हुन सक्ने देखिएकाले महानगरले त्यसलाई हटाउन अहिले दैनिक अभियान नै चलाईरहेको छ । अव्यवस्थित पार्किङ हटाउन

***बाँकी तेश्रो पृष्ठमा***

## ५० लाख फिरौती नदिएपछि अपहरित बालकको हत्या



वीरगंज । झण्डै एक महिना पहिले वीरगंजबाट अपहरणमा परेका एक बालकको हत्या गरि शव शौचालयको

***बाँकी तेश्रो पृष्ठमा***

## सार्वजनिक जग्गा खोज्दै बिन्दबासिनी गाउँपालिका ।

वीरगञ्ज । बिन्दबासिनी गाउँपालिकाले पालिका भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी कार्य तिब्र रुपमा सुरु गरेको छ ।

सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न पालिकाको टोली नक्सा लिएरै संभावित स्थानमा पुग्न थालेको हो ।

आज आइतबार सार्वजनिक बिदाको दिन पनि वडा नम्वर १ र २ को सीमामा रहेको बहुआर्वा गाउँमा पुगेको टोलीले त्यहाँ अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन दिनभर नापजाँच गरेको छ ।

बहुआर्वाका स्थनीयहरुले नै कब्जा गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरेर पालिकाले सार्वजनिक जग्गा खोजी अभियानको थालनी गरेको हो ।
आईतबार पालिकाको टोलीले वडा नम्वर १ का करिब २० जना स्थानियहरुले अतिक्रमण गरेर



भोगचलन गर्दै आएको वडा नम्वर १ बहुआर्वामा पर्ने नहरको सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन नापजाँच गरेको हो ।
स्थानीयले आफ्नो नाममा रहेको जमिन आडैमा रहेको ४ कठ्ठा १० धुरको नहरमा माटो पूरी सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको गाउँपालिका अध्यक्ष प्रमोद तिवारीले बताए ।
गाउँपालिका अध्यक्ष तिवारीले पालिकाक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी पालिका मातहातमा ल्याउन अभियान चलाउनु भएको हो । अहिले पालिकासँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि तथ्यांक छैन । तथ्यांक नहुँदा काम गर्न कठिनाई भएकाले पालिकाले आफ्नो सीमा भित्र रहेका सार्वजनिक सम्पत्ति संरक्षण गर्न जग्गा खोजि अभियान अघि बढाइएको अध्यक्ष तिवारीले बताउनुभयो ।

आईतबार पाँचौं दिन भएको र यो अभियान अब ५ वटै वडामा संचालन हुने पनि पालिकाले जनाएको छ ।

हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न पालिकाले खोजी अभियान अघि बढाएको पनि अध्यक्ष तिवारीले बताउनुभयो ।

अभियान अन्तर्गत वडा नं १ का वडा अध्यक्ष अछेलाल महत्तो , २ का मुक्ति पटेल , पूर्व वडा अध्यक्ष सञ्जय चौहान , गाउँपालिकाका अमिन सम्साद , स्थानिय नेता गौरीशंकर साह , बिवेक चौरसिया , उपनेश चौरसिया लगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)
सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# निर्वाचनमा फैलिएका मिथ्या सूचना

**उमेश श्रेष्ठ**

दुई वर्षअघि भारतको दिल्ली विधानसभा चुनावको पूर्वसन्ध्यामा भारतीय जनता पार्टी (भाजपा) का नेता मनोज तिवारीका दुईवटा भिडियो सामाजिक सञ्जालमा भाइरल भए । हरियाणवी र अंग्रेजी भाषामा बोलिएका ती भिडियो भारतमा मात्र हैन, विश्वमै चिन्ताको विषय बने । किनभने भिडियोमा बोलिएका कुरा ती नेताले बोलेकै थिएनन् ।

आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् कृत्रिम तरिकाले विकास गरिएको बौद्धिक क्षमता कम्प्युटरमा राखेर ती भिडियो बनाइएका थिए । सक्कली भिडियोमा उनले हिन्दीमा बोलेका थिए तर त्यसलाई चुनावी सन्दर्भ पारेर आफ्नो पार्टीको चुनाव चिह्नमा मतदानका लागि आह्वान गर्दै फरक भाषामा फरक सन्देशका साथ बनाइयो र फैलाइयो ।

भिडियो भाजपा आफैंले आफ्नो प्रचारका लागि बनाएको भएर त्यसले त्यहाँ विवाद उठे पनि खराब असर भने पारेन । तर विश्वभर चिन्ता हुन थाल्यो, यदि कसैले कुनै नेताले बोल्दै नबोलेको कुरा यस्तै भिडियो बनाएर भाइरल बनाइदिए मतदातामा कस्तो असर पर्ला ?

अनुसन्धानकर्ता र विज्ञहरूले सन् २०२० को अमेरिकी राष्ट्रपति चुनावलाई यस्ता 'डिपफेक' भिडियोले असर पार्न सक्ने चेतावनी दिएका थिए । तर भाग्यवश, त्यस्तो चुनौती त्यहाँ देखा परेन । छिमेकी देशसम्म आइपुगेको डिपफेक भिडियोको डर नेपालमा हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पनि नदेखिएको होइन, तर खासै प्रभाव देखिएन । यद्यपि प्रविधिको दुरुपयोग गरी मतदाताहरूलाई असर पार्न सक्ने खालका मिथ्या सूचना भने प्रशस्तै देखिए ।

'डिप' हैन, 'स्यालोफेक'

यस पटक नेपालको चुनावमा 'डिप' हैन 'स्यालोफेक' को चुनौती देखियो । 'डिपफेक' मा 'मेसिन लर्निङ' प्रविधिको उपयोग गरिन्छ भने 'स्यालोफेक' मा सामान्य भिडियो सम्पादन सफ्टवेयरको प्रयोग गरिन्छ । 'स्यालोफेक' भिडियोमा कुनै व्यक्तिले बोलेको विषयलाई आफ्नो उद्देश्य अनुरूप काटछाँट गरेर फरक सन्दर्भ पारी प्रस्तुत गरिन्छ । विश्वभर अनुसन्धानकर्ताहरूले 'स्यालोफेक' सामग्रीलाई ठूलो चुनौतीका रूपमा प्रस्तुत गरेका छन् ।

यस पटकको चुनावमा केही नेताका 'स्यालोफेक' भिडियो भाइरल बनाइए । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले 'अबको चुनाव २०६४ सालको जस्तो बनाउनैपर्छ, जालझेल गर्ने, कुरा बुझ्नुभो त... चाहिँ त्यहाँ लगेर चाहिँ बाकस साट्ने 'अनि न चुनाव जितिँदो रहेछ' भनेको भिडियोलाई सामाजिक सञ्जालमा भर्खरका देखि वरिष्ठ पत्रकारहरूले समेत सेयर गरे । नेपाल फ्याक्ट चेकले यो विषयको तथ्यजाँच गर्ने क्रममा २०७८ को असोजमा भएको एउटा भेलालाई सम्बोधन गर्दै दाहालले यो विषय बोलेको तर त्यसमा केही शब्द सम्पादन गरेर भ्रामक बनाइएको पायौं । उनले जालझेल गर्ने, बाकस साट्ने वा 'पुलिस र कर्मचारीलाई प्रयोग गरेर चाहिँ जित्न खोज्नेहरूलाई लखेट्नुपर्ने' भनेका थिए भाषणमा, तर बीचका केही शब्द काटेर हटाई आफैंले जालझेल गर्नुपर्ने अर्थ लाग्ने बनाइएको थियो ।

त्यसै गरी, नेपाली कांग्रेसका युवा नेता गगन थापाले आफूलाई प्रधानमन्त्री बनाइदिए ६० वर्ष नाघेका सबै मानिसलाई महिनाको ३० हजार रुपैयाँ, १८ वर्ष पुगेका सबैलाई एउटा मोबाइल फ्री, मोटरसाइकल चढ्नेलाई वर्षको १०० लिटर तेल फ्री भन्दै भाषण गरेको भिडियो चुनावअगाडि सामाजिक सञ्जालमा भाइरल बनाइयो । जबकि थापाले २०७८ सालको फागुनमा लोकप्रिय भाषण गरी सपना देखाउन सजिलो भए पनि त्यसका लागि स्रोत जुटाउन गाह्रो हुने भन्दै उदाहरणका रूपमा उक्त अंश बोलेका थिए ।

भाषणका अगाडि र पछाडिका वाक्य काटेर बनाइएको भिडियो हेर्दा प्रसंग नबुझी गलत अर्थ लाग्थ्यो । यस्तै भाइरल भिडियोका आधारमा वरिष्ठ टिप्पणीकारहरूले समेत धारणा बनाएको उदाहरण पनि देखियो ।

यस्तै, नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले निर्वाचनका बेला भ्रम छर्नुपर्ने भनेको भिडियो सामाजिक सञ्जालमा चुनावअगाडि भाइरल भयो । वास्तवमा उनले आफ्ना प्रतिस्पर्धी उम्मेदवारले गरेको दाबीको जवाफ दिने क्रममा व्यंग्यात्मक रूपमा बोलेको अंशलाई नै भ्रामक अर्थ दिने गरी काटेर भाइरल बनाइएको थियो ।

नेकपा एकीकृत समाजवादीका नेता माधवकुमार नेपालले बिनाढेउवा विदेश पठाउने आश्वासन दिएको भन्दै भिडियो भाइरल भयो । तर उनले निःशुल्क अर्थात् फ्री भिसा, फ्री टिकटमा पनि विदेश पठाउने काम हुन्छ भनेका थिए, जुन सही थियो । भलै यस्तो अवसर सबै म्यानपावर एजेन्सीहरूले दिँदैनन् र सबै कामदारले पनि पाउँदैनन् । यद्यपि यो प्रक्रिया अनुसार विदेश जानेहरू पनि छन् ।

मिडियामा नछापिएको समाचार

यस पटकको निर्वाचनमा मिथ्या सूचनाको सबैभन्दा चिन्ताजनक प्रवृत्ति स्थापित अनलाइन मिडियाहरूमा छापिँदै नछापिएको समाचार छापिएजस्तै गरी फैलाउँदा देखियो ।

मौन अवधि जारी रहेका बेला मतदानको एक दिनअघि अकस्मात् खबरहरू फैलिए- प्रचण्डबाहेकका माओवादी उम्मेदवारहरूलाई भोट नदिन माओवादीको गोप्य सर्कुलर, माओवादीले पाएका क्षेत्रमा अन्य अनुकूल उम्मेदवारलाई जिताउनू : कांग्रेस सर्कुलर, माओवादीलाई भोट नदिन कांग्रेसको सर्कुलर आपत्तिजनक : प्रचण्ड, इत्यादि ।

यी शीर्षकहरू नाम चलेका अनलाइनहरू सेतोपाटी, उज्यालो र नयाँ पत्रिकामा छापिएजस्ता देखिन्थे । तर वास्तवमा ती अनलाइनहरूमा ती खबर छापिएकै थिएनन् । प्रविधिको दुरुपयोग गरी नक्कली स्क्रिनसट बनाएर भ्रम फैलाइएको खुल्यो । मिडियाका नामका नक्कली स्क्रिनसट फैलाउनु जति चिन्ताजनक थियो, त्योभन्दा बढी चिन्ताजनक प्रवृत्ति पार्टीनिकट पत्रकारहरूबाटै त्यसलाई सामाजिक सञ्जालमा सेयर गरिनु पनि रह्यो । यद्यपि, सम्बन्धित दलहरू, पत्रकारका संस्थासमेतले विज्ञप्ति निकालेरै यसलाई गलत रहेको स्पष्ट पारेपछि थप अन्योल रहेन । तर, यस्ता किसिमका नछापिएका समाचार मिडियाका नामको दुरुपयोग गरी भविष्यमा पनि फैलिन सक्नेतर्फ सचेत रहनुपर्ने देखिन्छ ।

एचटीएमएल सम्बन्धी सामान्य कोडको ज्ञान भएकाहरूले ब्राउजरबाटै यस्ता नक्कली हेडलाइनसहितका सामग्री सहजै बनाउन सक्छन् । बनाउन सहज भए पनि यसले पार्न सक्ने क्षति भने ठूलो हुन सक्छ । यस पटकको चुनावअगाडि भारतीय फ्याक्टचेकिङ वेबसाइटको समेत नक्कली स्क्रिनसट बनाएर सामाजिक सञ्जालमा फैलाएको पाइयो ।

मतदानअघि फैलाइएका भ्रम

सामाजिक सञ्जालको प्रयोग गरी मतदानअघि भ्रम फैलाउने काम सार्वजनिक रूपमा मात्र नभई समूह-समूहमा पनि भयो । मेसेजिङ एपबाट गठबन्धनका दलहरूबीच एकले अर्कोलाई मतदान नगर्ने सर्कुलर भन्दै मेसेज पठाएका उदाहरण पनि हाम्रो अनुगमनमा देखिए ।

डडेलधुरामा रूख चिह्नमा मतदान नगर्न माओवादीले गरेको सर्कुलर भनिएको मेसेज वास्तविक थिएन । त्यसै गरी नुवाकोटमा राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा

# विप्रेषण र विकासबीचको सम्बन्ध

**मीना पौडेल**

विषय प्रवेश

आप्रवासनको बृहत् आयामभित्रका अनेक प्रक्रियामध्ये मूल रूपमा दुइटा हाम्रा लागि सान्दर्भिक छन् । एउटा, अहिले मुलुकको अर्थतन्त्र थेगिरहेको श्रम आप्रवासनमा औपचारिक र अनौपचारिक तरिका अपनाई अस्थायी रूपमा वयस्क जनशक्ति भारत लगायतका मूल रूपमा (केही अपवादबाहेक) विश्वका विकासोन्मुख दक्षिणी गोलार्द्ध (ग्लोबल साउथ) मुलुकमा श्रमिकका रूपमा जान्छ; विप्रेषण परिवारलाई पठाउँछ; केही वर्षपछि आफ्नै समाजमा फर्कन्छ र आफूले आर्जन गरेको अर्थ, अनुभव, सीप र दक्षता सबै आफ्नो समाजलाई फर्काई समाजको बृहत्तर हितमा लगानी गर्छ ।

अर्को, स्थायी रूपमै मुलुक छोडेर बसाइँ सर्छ र कमशः डायस्पोरामा रूपान्तरण हुन्छ । हाम्रो परिप्रेक्ष्यमा एनआरएनहरू दोस्रो श्रेणीमा पर्छन् । मुलुक छोडेर स्थायी रूपमै जानेको आफ्नो पूर्वसमाजसँग भावानात्मक सम्बन्ध त रहन्छ, पाहुना भएर आवतजावत गर्छ तर व्यावहारिक रूपमा उसले नयाँ समाजमा आफूलाई मिसाइसकेको हुन्छ, यद्यपि उसको मिसावटसँगै सृजित वर्गीय र रंगभेदी विभेदहरू पुस्तौंसम्म भोगिरहन्छ । स्थायी रूपमा समाज छाड्ने कतिले त भएको पुँजी पनि लिएरै जान्छन्, लगेनन् भने पनि उनीहरूले नयाँ समाजमा निर्माण गरेको पुँजीको पूर्वसमाजमा लगानीको निर्णय व्यक्तिगत व्यापारिक नाफानोक्सानमा भर पर्छ । पछिल्लो समयमा त राजनीतिक नाफाको स्वार्थ पनि जोडिएको देखिन्छ; जुन हाम्रो मात्र होइन, अधिकांश मुलुकका गैरआवासीयहरूको प्रवृत्ति हो, भलै प्राज्ञिक बहस र राजनीतिक मोलमोलाइमा डायस्पोराको योगदानको सम्भावनाको चर्चा निकै हुने गरेको छ । उसो त राजनीतिक र अन्य कारणले आफ्नो थातथलो छोड्नुपर्ने समस्या ( जस्तै– शरणार्थी) पनि बृहत् आप्रवासनको पाटोभित्र पर्छ तर यहाँ समेट्न खोजिएको आयामचाहिँ पहिलो हो जसलाई श्रम आप्रवासन भनेर बढी चिनिन्छ ।

सान्दर्भिक सैद्धान्तिक पक्ष

आप्रवासनले, खास गरी वैदेशिक रोजगारीको खाका अन्तर्गत गरिने श्रम आप्रवासनले विकास र समृद्धिका योजनाहरूलाई मूर्तरूप दिन थालेको पनि आधा शताब्दीभन्दा बढी भएको विभिन्न मुलुकका अध्ययनहरूले पुष्टि गरिसकेका छन् । हाम्रो परिवेशसँग शान्दर्भिक केही अध्ययनको समीक्षा गर्दा के बुझिन्छ भने, आप्रवासन र विकासको बहस करिब सात दशकदेखि विश्वराजनीतिलाई निर्देश गर्ने प्रणालीमा देखिएको उतारचढावसँगै बहकिँदै अगाडि बढिरहेको छ । दशकौंदेखि आप्रवासनमा अनुसन्धान गरिरहेका प्राज्ञहरू स्टेफन क्यासल र मार्क जे. मिलरहरूका तर्कलाई आधार मान्ने हो भने, सन् १९५० र ६० को दशकमा देखिएको विकासे महत्त्वाकांक्षा, विश्व अर्थतन्त्रले सन् १९७० र ८० को दशकमा फेरेको कोल्टेसँगै मुलुकहरूबीच गहिरिएको आर्थिक असमानताले सृजना गरेको विकासप्रतिको वर्गीय नैराश्य र सन् १९९० पछि र खास गरी २१ सौं शताब्दीको सुरुआतसँगै पुनः पलाएको अपेक्षाले आप्रवासनको प्राज्ञिक र नीतिगत बहसलाई पनि समेटेरै अगाडि बढाएको देखिन्छ ।

यता संयुक्त राष्ट्रसंघमा पनि तीन दशकदेखि विकासे बहसले भने पश्चिमा दातृ मुलुक र अन्य भूगोलबीच विभाजित मनस्थितिका कारण समग्र आप्रवासन बहसलाई कम पेचिलो पारेको होइन । पछिल्ला तीन दशककै सन्दर्भ जोड्दा, सहस्राब्दी विकासे बहस हुँदै अहिले दिगो विकास लक्ष्य (एसडीजी) जस्ता ठूला दाता-संयोजित बहसले समाजका विभेदी छिद्रहरूमा च्यापिएका आम नागरिकलाई कति छुन्छन् भन्ने प्रश्न त अनुत्तरित नै छ । हाम्रो आफ्नै घरेलु उदाहरण लिने हो भने, विकास र समृद्धिका विश्वमञ्चहरूमा हुने यस्ता बहस र काठमाडौं-नियन्त्रित योजनाहरूभन्दा घरआँगन, सडक, गल्ली र पाखाहरूमा उपलब्ध हुने श्रम दलालहरूको दिल्ली, बम्बई, पन्जाब, सिमला, कश्मीर लगायततिर जाने रेलका टिकटसहित भारी ऋणसँगै आउने असमान सम्झौताका श्रम करारपत्रहरूले बढी अर्थ राख्छन् । तर यो दक्षिण एसियासहित श्रम निर्यात गरेर अर्थतन्त्र थेग्ने अधिकांश मुलुकको साझा नियति हो ।

विभिन्न अध्ययन अनुसार, जब विश्व शक्ति सन्तुलनमा आएको फेरबदलसँगै वातावरणजन्य समस्या र कृषिलाई आधुनिकीकरण गर्ने नाममा उत्पादनमा गरिएको विषादीकरण लगायत विभिन्न बहानामा प्रायोजित युद्धहरूका कारण आफ्नो बलबुताले संरचनागत सुधार गरि सामाजिक चरित्रसृजित विभेदलाई सम्बोधन गर्नतर्फ प्रयास गर्न संकेत गरेका मुलुकहरू आर्थिक रूपले खोक्रो मात्र होइन, समग्र समाज नै क्षत-विक्षत भए, तब जीवन र जीविकाका लागि भौंतारिँदै आफ्नोभन्दा तुलनात्मक रूपले अलिक सबल मुलुक खोज्नुको विकल्प नहुँदा पनि श्रम लगायत विभिन्न प्रकृतिका आप्रवासनले पछिल्ला दशकमा तीव्र गति लिएको छ ।

अध्ययनहरूले पछिल्ला समयमा बढी जोड दिएको पक्ष हो- आप्रवासन र

बाँकी तेश्रो पृष्ठमा

# संकटमा वैकल्पिक राजनीति

**जीएस स्मिथ**

देशले हैसियतअनुसार नेता पाएको हुन्छ। तर यहाँ जनताअनुसार नेतृत्व कि, नेतृत्वअनुसार जनता ? बुझ्न गाह्रो छ।

राजनीतिक इतिहासअनुसार आफू असाध्य कमजोर भएका बेला जबर्जस्ती बलियो देखाउन शासकहरूले सडक, गल्ली, चोक जताततै जनता उतारेको पाइन्छ। यही प्रपञ्चको सिको पटकपटक शासकहरूले गरेका छन्।

चाहे सरकारमै आफू अप्ठ्यारोमा परेको बेला होस् या चुनावमा आफूलाई शक्तिशाली देखाउन। हेलिकप्टर यात्राकै क्रममा सरकारको नेतृत्व गरेको दलकी सम्मानित नेत्रीले डडेलधुरामा गएर हेलिकप्टरमा यात्रा गर्न सक्नेलाई मात्र भोट दिनुहोस् भनेर जनतालाई आग्रह गर्न भ्याइन्। सत्ता र सरकारमा हुँदा सिन्को नभाँच्ने तर जनताका जनजीविकाको सवालमा निर्मम बन्ने अवस्था पनि देखियो।

यी सारा कुरालाई ठीक प्रमाणित गर्न लोकतन्त्रलाई भीडतन्त्रमा बदल्ने, हाट बजारमा पशु बटुलेझैं ठाउँठाउँमा मानिसलाई बटुल्छन्। यो नै सत्ताधारीहरूले गर्ने साहसिक कार्य हो।

लोकतन्त्रमा शासन सत्ताको आधार विधि हुन्छ, भीड होइन। सडकमा भीड बनाउनु हस्तक्षेपकारी नागरिक बनाउनु होइन, जनताको दिमागमा वर्चस्व जमाउनु हो। राज्यलाई कर तिर्ने रैती र सधैंभरि भोट हाल्ने तर अधिकार नखोज्ने प्रजा बनाउनु हो।

जसले शासकविरुद्ध सोच्दैनन्, बोल्दैनन् र प्रतिशोध गर्दैनन्। यस्तै बुख्याचा दुनियाँ बनाई राख्न दलपतिबीच नारा, भाषण र भावभंगिमाको कडा प्रतिस्पर्धा भयो। यो महादौडमा सरकार पक्ष नै गतिशील देखियो। चुनाव घोषणा भएपछि कामचलाउ सरकारका प्रधानमन्त्री देउवा बोली नबुझिएकै सही सकेसम्म कुनै ठाउँमा नपुग्ने मनसाय प्रकट गरेनन्। आफूले नभ्याएको खण्डमा आफ्नो आज्ञाकारी अनुचरलाई राजाज्ञा दिएर पठाए। भीडको मानसिकताको जानकार र भीड निर्माणमा सिद्धहस्त सरकारका केही थान नेताले सुख, समृद्ध र समाजवादको नाराको आविष्कार गर्छन्। अनि जनतालाई मनको लड्डु घिउसँग खुवाएरै छोडे।

नेपाली राजनीतिमा शायद यो नै सबैभन्दा महत्त्वपूर्ण र दुर्लभ योगदान हो। सरकार र सत्तामा बसेर सुखी नेपाली समृद्ध नेपालका लागि मूर्त काम गर्ने होइन, भट्टी गफको शैलीमा मुख मात्रै चलाए पुग्छ। त्यसो भएरै सायद इमानदार, क्षमतावान् तथा भिजनरी अनुभवहीन नयाँ राजनीतिक खेलाडीहरूले नेपाली राजनीतिको भेउ नै पत्ता लगाउन सकेका छैनन्।

भनिन्छ, हरेक देशले आफ्नो हैसियतअनुसारको नेता पाएको हुन्छ। अथवा त्यहाँको जनताअनुसारको नेतृत्व पाएको हुन्छ। तर यहाँ जनताअनुसारको नेतृत्व हो कि, नेतृत्वअनुसारको जनता बुझ्न अलि गाह्रो छ। किनकि हरेक नेताले आफूजस्तै जनता तयार गर्न मिहिनेत गर्ने हो। जनता भनेको भीड हो। सडक कब्जा गर्न भीड उतार्ने नेतृत्वले, भीडलाई नै नियन्त्रण गर्ने नेतृत्वले कस्तो हैसियत राख्ला ?

त्यसैले त आज सम्मानित नेतृत्व जन्मिन सकेको छैन। कार्यकर्ताको त कुरा नै छोडौं, जसले सत्तासीनको चाकडी गर्छ। स्तुतिगान गर्छ, विपक्षीको निन्दा र चुक्ली गर्छ ऊ पक्कै पद, पैसा र पुरस्कारको हकदार हुन्छ। यो सुवर्ण अवसर पाएपछि कुन चाहिँ मूर्खले यस्तो काम नगर्ला र ? पद, पैसा र पुरस्कार इमानदारिताबाट नपाइने भएकाले आज सर्वसाधारणसमेत चेतनशून्य काम गर्न उद्धत छन्। उनीहरूमा आलोचनात्मक चेत पाउन मरुभूमिका पानी खोजेजस्तै हो।

यस्तो राजनीतिक अस्तव्यस्तताबीच नागरिकले तमाम सास्ती व्यहोर्नु परेको छ। तर पनि नेपालमा सोचेजस्तो र आवश्यकता परेजस्तो वैकल्पिक शक्ति उदाउन सकेको छैन। वैकल्पिक राजनीतिको सुरुआत २०४६ को जनआन्दोलनपछि देवेन्द्रराज पाण्डेको लोकदलबाट सुरु भए पनि यसको विकास र विस्तार नेकपा माओवादी र केही मधेसवादी दलले गरे भन्न सकिन्छ।

तर समय पदचापलाई बुझ्न नसकी ती दलहरू उनै परम्परागत दलझैं सत्तालिप्सा र अवसरवादमा मात्र लिप्त भए। त्यसैले जनताले उनीहरूको सत्तारोहणको एक दशक नपुग्दै कुनै न कुनै किसिमले वैकल्पिक शक्तिको आवश्यकता महसुस गर्न थाले। स्व. उज्ज्वल थापाले खोलेको विवेकशील दल र रवीन्द्र मिश्रको साझा पार्टीको एकीकरण भएपछि केही राजनीतिक सरोकारवालाले वैकल्पिक शक्तिको निर्माणको सम्भावना बलियो भएको ठोकुवा गरे।

तर ती दुवै दलसँग वैकल्पिक राजनीतिका अन्तरवस्तु थिएनन्। सुशासन र भ्रष्टाचार नियन्त्रण नै उनीहरूको मूलभूत एजेन्डा थिए। वैकल्पिक पार्टी भनेको नयाँ पार्टी होइन, बरु नयाँ दिशा र कार्यक्रम हो। नयाँ दिशा र कार्यक्रमबिनाको संसद्भित्रको एक थान पार्टीलाई वैकल्पिक राजनीतिको उपमा दिनु राजनीतिक विज्ञताको अपमान हो।

वैकल्पिक राजनीतिको सार सुशासन र भ्रष्टाचार नियन्त्रण हुन सक्दैन। किनकि सुशासन, कुशासन र भ्रष्टाचार भनेका कार्यशैलीका परिणाम मात्र हुन्। कारण वा अन्तर्वस्तु होइनन्। कुशासनका कारण शासक वर्गको वर्गीयता, सामाजिक व्यवस्थाको संरचना र गलत वैचारिक धरातल हुन्। हाल नेपालमा वैकल्पिक राजनीतिका हिमायतीहरूले राजनीतिको एजेन्डा नै सुशासनलाई बनाएका छन्। यस्तो राजनीतिमा मध्यम वर्गीय पेसागत क्षेत्रमा नाम चलेकाले नेतृत्व गर्छन्।

बाँकी तेश्रो पृष्ठमा

## संकटमा.......

आफ्ना फ्यानबीचमा गरिएको सतही र लोकप्रिय प्रचारले सहरिया मध्यमवर्गीय युवाको एउटा जमातलाई आकर्षित गर्न खोजेको देखिन्छ। देशमा चल्दै आएको लगातारको भिडन्तबाट डराएको र दिक्दार भएको मध्यम वर्गको सानो हिस्सा सुसंस्कृत राजनीति गर्छु भन्ने पार्टीतिर आकर्षित हुनु अस्वाभाविक पनि होइन। वैकल्पिक राजनीतिले वकालत गरेको एउटा कथ्य के हो भने राजनीतिको मैदानमा युवा मात्र आउनुपर्छ। हामी सबैले यो कुरा ख्याल गर्नुपर्छ कि युवा हुनु सक्षम हुनु होइन। बुढा भएका नेताले बुढेसकालमै राजनीति सुरु गरेका पनि होइनन्। यस्तो खालको रूपवादी प्रचारले केही हुल युवा आकर्षित भए पनि समाजको पिँधको अन्तर्विरोधको समाधान र व्यापक श्रमिक वर्गको मुक्तिका लागि आधारभूत कार्यक्रम र कार्यदिशा के हुन् ? वैकल्पिकको दाबी गर्नेसँग उत्तर छैन। परम्परागत संसद्वादी पार्टीजस्तै पाँच वर्ष रूपवादी अपवाह फैलाउने, कहिले चुनाव आउला भनेर अघिल्लो चुनावमा भत्किएका मन सम्हाल्दै बस्नु वैकल्पिक राजनीतिको मर्म होइन। मूलधारका राजनीतिक दलप्रति बढ्दै गएको वितृष्णाबाट लाभान्वित हुने मोहमा मूलधारका दल र नेताप्रति घृणा, उत्तेजना र क्रोध ओकलेर पब्लिक सेन्टिमेन्ट क्यास गर्न वैकल्पिक राजनीतिका योजनाकार उद्धत भएका देखिन्छन्।

यिनीहरूसँग देशका देखाउने समस्या तमाम छन् तर समाधानका योजना, कार्यक्रम र उपाय केही पनि छैनन्। केही थान नयाँ अनुहार विजयी भए पनि के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? भन्ने प्रश्नको उत्तर छैन। न नीति, न योजना, न कार्यक्रम। न त सपना र साझा संकल्प।

आर्थिक सामाजिक उत्पीडनका विरुद्ध आदिवासी, जनजाति र दलितहरूले अस्तित्वको लडाइँ गरिरहेका बेला उच्च कुलीन वर्गीय एकदुई थान रवि लामिछानेहरूको उदय भएको छ। यो उदयको कारण परम्परागत दलको अलोकप्रियताले पोखिएको आवेश मात्र हो।

केही राजनीतिक पण्डितहरूले यसलाई नेपाली राजनीतिमा दुर्लभ विजयको संज्ञा दिँदै वैकल्पिक शक्तिको निर्माण भएको दाबी गरिरहेका छन्। नेपाली राजनीतिमा यो कार्य नयाँ बोतलमा पुरानै रक्सी भर्ने प्रक्रिया मात्र हो। यो उदय लाखौं आदिवासी, जनजाति र दलित तथा उत्पीडितहरूका लागि हुन्छ भन्ने कुराको कुनै गुञ्जायस छैन। परम्परागत राजनीतिक विरासतमा कहिलेकाहीँ हुने सानातिना परिवर्तन पनि महान्भैं लाग्छ। परिवर्तनकामी जनसमुदायलाई आत्मविश्वास र ऊर्जा पनि थप्न सक्छ।

नेपालको विगतको इतिहासले भन्छ, यस्तो खालको उही वर्ण, उही जाति र समुदायका व्यक्तिको उदयले सत्तासीन वर्ग, वर्ण, लिंग र क्षेत्रका अभिजातमा राजनीतिक उपयोग र सार्वजनिक उपभोगको क्षमता बढाउँछ। ती उत्पीडित समुदायका आकांक्षा, आवाज र मागलाई बलियो बनाउँदैन। बरु आर्थिक, राजनीतिक, सांस्कृतिक स्थायी संरचनालाई बलियो बनाउँछ। विगतमा माओवादी र मधेसवादीहरूको उदयले योभन्दा भिन्न भुइँमान्छेको पीडामा मलम लगाउन नसकेको तथ्य हामीसँग छ।

अनुहार फेरेर राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण हुँदैन, त्यसका लागि उत्पीडनमा परेका व्यक्तिका सवालको बुलन्दता बढाउने प्रतिनिधित्व आवश्यक हुन्छ।

नेपाली समाजमा लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि व्यापक रूपमा प्रारम्भ भएको सामाजिक, आर्थिक र राजनीतिक प्रक्रियाविरुद्ध अहिलेको आक्रोश बढी केन्द्रित देखिन्छ। यो अस्वाभाविक पनि होइन। किनकि अहिलेसम्म आर्थिक, राजनीतिक, सामाजिक रूपान्तरणका महत्त्वपूर्ण पक्षमा कुनै पनि राजनीतिक दलको ध्यान पुगेकै छैन। कतिसम्म भने गणतन्त्रको हिमायती माओवादी र साझेदार दल नेपाली कांग्रेस पनि संघीय लोकतान्त्रिक गणतन्त्रको वास्तविक खाकामा स्पष्ट छैनन्। वैकल्पिक राजनीतिले त बाँकी रहेका महत्त्वपूर्ण राष्ट्रिय कार्यभार पूरा गर्नु पर्थ्यो। वैकल्पिक राजनीतिको बाटो के पश्चगमन नै हो त ? आलोचनात्मक चेत भएका नागरिक तयार नहुँदासम्म त आमूल रूपान्तरणकारी राजनीतिक शक्तिको विकास हुने सम्भावना छैन। जति खराब भए पनि पुराना दल र नेताको भजनकीर्तन गर्ने एउटा जमात एकातिर छ भने नयाँ हुनेबित्तिकै जादुको छडी चलाइहाल्छ कि भनी विश्वास गर्ने अल्लारे अर्को जमात पनि छ। यी दुवै जमात वास्तविक वैकल्पिक शक्ति निर्माणका बाधक छन्।

अब प्रजाबाट जनता र जनताबाट नागरिक हुनु आवश्यक छ। जुन मैदानमा कुनै पनि गैरजिम्मेवार नेतृत्वले जनतालाई विवेकशून्य बनाई दाइँ गर्न नसकोस्। भीड निर्माण गर्ने सम्पूर्ण क्षेत्रमा वैचारिक, राजनीतिक हस्तक्षेप गरी राजनीतिक मैदानलाई शुद्धीकरण गर्न आवश्यक छ।

किनभने खराब आचरणको मान्छे एक मिनेटमात्रै सत्तामा बसे पनि लाखौंले खराब हुने प्रेरणा पाउँछन्। राज्यको उद्देश्य जनतालाई खराब हुन प्रेरित गर्नु होइन। लोकतन्त्रमा जब जनताले दायित्व ग्रहण गर्दैनन्, तबसम्म देश सुरक्षित हुँदैन।

जनतालाई मूर्ख बनाउन सिवाय यी नेतालाई केही आएन। किनकि नागरिक चेतना बढ्यो भने हाम्रोजस्तो तल्लो स्तरका नेतालाई असुरक्षा बढ्छ। समयक्रमसँगै जनतामा आउने परिवर्तनको हुटहुटीले कार्यक्रम र कार्यदिशासहितको वैकल्पिक शक्ति निर्माणलाई भने कसैले रोक्न सक्ने छैनन्। अबको राजनीतिले समाजका वास्तविक अन्तरविरोधको जरा खोतलेर त्यसको समाधानका निम्ति वैज्ञानिक दर्शन, सिद्धान्त र बाटो आत्मसात् गरे वैकल्पिक राजनीतिको निर्माणमा सहयोग पुग्न सक्छ। **साभार अन्नपूर्णपोष्ट्**

## विप्रेषण.....

विकासबीचको सम्बन्ध । यी अध्ययनहरू खास गरी आप्रवासीका उद्गम मुलुकको कमजोर आर्थिक स्थिति र विकास योजनाका असफलताका विविध पक्षलाई ध्यानमा राखी गरिएका पाइन्छन् ।

यी अध्ययनहरूको निष्कर्षलाई आधार मान्ने हो भने बेरोजगारीको समस्या र त्यसले सृजना गर्न सक्ने सम्भावित राजनीतिक र सामाजिक अशान्ति, उथलपुथललाई साम्य पार्नका लागि युवा जनशक्तिको व्यवस्थापन गर्नुपर्ने बाध्यता अल्पविकसित भनिएका मुलुकहरूलाई एकातिर रह्यो भने, अर्कातिर नीतिगत भ्रष्टाचारले ती मुलुकको राष्ट्रिय अर्थतन्त्र धराशायी हुनबाट जोगाउन र राज्यले दैनिक खर्च धान्न पनि नेपालजस्ता मुलुकहरूलाई असमान सम्झौता गरी श्रम निर्यातमार्फत विदेशी मुद्रा सञ्चितिको विकल्प पनि रहेन ।

आफ्नो मुलुकको अर्थतन्त्र खस्किँदै जानु, रोजगारीका सम्भावना राजनीतिक नारामा मात्र सीमित हुनु अनि साँध जोडिएका र अलिक परका छिमेकी मुलुकहरूको आर्थिक पक्ष भने सबल हुँदै जानुले विश्वमानचित्रमा सीमान्तीकृत नेपालजस्ता मुलुकहरूलाई आफ्नो श्रम निर्यात गर्नुको विकल्प रहेन । अनि उता गन्तव्य मुलुकको विकासको लक्ष्यलाई गति दिन सस्ता, जति शोषण गरे पनि चुपचाप जे काम पनि गर्न तयार श्रमिकहरूको आवश्यकता पूरा गर्नु त्यति नै जरुरी भयो । हुन त हाम्रो श्रम आप्रवासनका प्रमुख गन्तव्य मुलुकहरूका सन्दर्भमा विश्वमानचित्रमा विकसित भनिएका भन्दा पनि मध्यपूर्व, मलेसिया र दक्षिण कोरियाजस्ता विकासोन्मुख भनिएका मुलुकहरू नै छन् तर पनि संरचनागत विकास, सामाजिक चेतना, सांस्कृतिक रूपान्तरण र आर्थिक समृद्धिको दृष्टिकोणबाट विश्लेषण गर्दा नेपालसहित दक्षिण एसियाका श्रम आप्रवासी उद्गम मुलुकहरूका तुलनामा ती गन्तव्य मुलुक विकसित छन् भन्नेमा सायदै कसैको विमति होला ।

धरातलीय पक्ष

दक्षिण, दक्षिणपूर्वी, मध्यएसिया, युरोप र उत्तर अफ्रिकाका विभिन्न मुलुकमा आप्रवासन व्यवस्थापनमा काम गरेको मेरो आफ्नै अनुभवले पनि के भन्छ भने, तुलनात्मक रूपले विकसित भनेर बुझिएका अनि अल्पविकसित र विकासोन्मुख भनिएका मुलुकहरूबीचको आय आर्जनमा अन्तर नै वास्तवमा श्रम आप्रवासनको मूल कारण हो ।

यस अर्थमा वैदेशिक रोजगारीको निर्णय एउटा व्यक्तिको रहर, उद्देश्य, सपना र चाहनाले गर्ने होइन । निर्णय त उसको मुलुकको क्षेत्रीय र विश्व अर्थतन्त्रमा कायम भएको लाचार हैसियत, आन्तरिक राजनीतिक माहोलले तय गरेका दातामुखी विकासका लक्ष्य, असान्दर्भिक रणनीति र कागजी योजनाहरूले गर्ने हुन् ।

एकातिर भ्रष्ट, अक्षम र दलालीकरणमा लिप्त योजनाकार एवं ऊसँग स्वार्थ मिल्ने प्रशासनिक नेतृत्व छ भने, अर्कातिर दलालीकरणले विषाक्त आन्तरिक श्रम बजारले नपत्याएको तर राज्यलाई बिनासर्त चुपचाप कर तिर्न बाध्य एउटा बेरोजगार श्रमिक छ । यो परिवेशमा श्रम आप्रवासनको निर्णय भनेको त नपत्याइएको बेरोजगार श्रमिकको पारिवारिक आर्थिक दायित्व र त्यो दायित्वप्रति उसको सामाजिक मनोविज्ञानको गठजोडको दबाबले गरिने हो ।

चाहे त्यो सीमा जोडिएका छिमेकी सहरहरूका लागि बस वा रेल चढोस् वा ऋणमा उपलब्ध हवाई टिकट पाओस् । यहाँ उल्लेख गरिएका उद्गम मुलुकहरूको साझा वर्तमान यही हो ।

आप्रवासन र विकास एकअर्काका परिपूरक हुन् जसले एकअर्कालाई प्रभाव पार्छन् । मेरो यो तर्कलाई आप्रवासनका अर्का अनुसन्धानकर्ता कार्लोस भर्गस सिल्भाका विचारको परिवेशमा राखेर बुझ्ने हो भने, विकासको असफलता वा दुर्गतिले बेरोजगारीले थला पारेको ऊर्जावान् जनशक्ति श्रम आप्रवासन रोज्न बाध्य हुन्छ भने उसले आर्जन गरेको आर्थिक-सामाजिक सीप र सांस्कृतिक विप्रेषणले उसको परिवारको मात्र होइन, समग्र समाजको विकासलाई गति दिन्छ ।

तर यसो भनिरहँदा हामीले के पनि भुल्नु हुँदैन भने, आप्रवासन र विकासको सम्बन्ध आफैं स्वतः जोडिँदैन, त्यसका लागि त फेरि पनि आफ्नै नागरिकले आर्जन गरेको बहुआयामिक विप्रेषणको राष्ट्रिय पुँजीकरण कसरी गर्न सकिन्छ र समग्र विकासलाई सिञ्चित गर्न सकिन्छ भन्ने योजना र रणनीतिमा भर पर्छ । अनि यस्तो धरातलीय योजना र रणनीति तय गर्न धरातलीय दृष्टिकोण र इमानदार राजनीतिक नेतृत्वको खाँचो पर्छ । यो अहिलेको हाम्रो विडम्बना मात्र होइन, मूल प्रश्न पनि हो ।

सबैभन्दा पहिले नीतिगत रूपान्तरण

विप्रेषणको उचित व्यवस्थापन गरियो भने त्यो आप्रवासीका परिवारहरूको मात्र होइन, समग्र मुलुककै समृद्धिका लागि कोसेढुंगा हुन सक्ने कुरा विभिन्न विकासोन्मुख भनिएका मुलुकमा भैरहेको आर्थिक प्रगति र सामाजिक-सांस्कृतिक रूपान्तरणका अनुभवहरूले पनि देखाइसकेका छन् । उदाहरण खोज्न टाढा जानैपर्दैन; दक्षिणपूर्वी एसियाका कम्बोडिया, भियतनाम, फिलिपिन्स होऊन् कि अहिले हाम्रा श्रम आप्रवासीको प्रमुख गन्तव्य मलेसिया नै किन नहोस्, यिनको अर्थतन्त्रसहित शिक्षा, कृषि, स्वास्थ्य लगायतका मौलिक अधिकारका सूचकहरू आजको अवस्थामा पुग्नुमा विप्रेषणको महत्त्वपूर्ण भूमिका रहेको ती मुलुकहरूकै विश्वविद्यालय लगायतले पनि पुष्टि गरेका छन् ।

यसो भनिरहँदा ती मुलुकमा बेरोजगारी समस्या अहिले शून्य छ; अब आर्थिक अभाव, सामाजिक, सांस्कृतिक विभेद छैन भन्ने होइन, खास गरी कम्बोडिया र फिलिपिन्सको लाखौं युवा जनशक्ति बेरोजगारीको चपेटामा छ एवं अनेक विकल्प खोज्दै संसार चहार्छ । उता लाओस, भियतनाम, इन्डोनेसियाको वयस्क जनशक्ति छिमेकी मुलुक र अन्य सम्भावित कर्म गन्तव्य खोज्दै हिँड्छ ।

तर प्रश्न एउटा श्रमिक वा श्रमिकहरूको एकल हिसाबभन्दा पनि राज्यले ती श्रम आप्रवासीले आर्जन गरेको आर्थिक, सामाजिक र सांस्कृतिक पुँजीलाई आफ्नै समाज र मुलुकलाई समृद्ध पार्न उपयुक्त वातावरण नीतिगत र व्यावहारिक रूपमा उपलब्ध गराएको छ कि छैन भन्ने हो । यी मुलुकहरूले अपनाएको राजनीतिक पद्धतिले श्रम आप्रवासनलाई बन्देज गर्दैन तर श्रम आप्रवासनका नाममा श्रम शोषण, यौन शोषण, जातीय एवं लैंगिक र वर्गीय विभेद कस्तो प्रकृतिको छ र त्यसलाई सम्बोधन गर्न उद्गम र गन्तव्य मुलुकबीच कस्ता प्रावधानहरू छन् भन्ने हो । यस सन्दर्भमा हामीले ती मुलुकबाट सिक्ने ठाउँ छ ।

विप्रेषणलाई फगत नगदको अंकमा गणितीय हिसाबले मात्र गन्ने हाम्रोजस्तो नेतृत्वले बुझ्नुपर्ने के हो भने, खास गरी एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी मुलुकहरूले आफ्ना आप्रवासीका अनुभवका माध्यमले सामाजिक-सांस्कृतिक पुँजीका रूपमा समाज परिवर्तनमा लगाई लैंगिक विभेद, मताधिकार, जातीय/रंगभेद उत्पीडन, औपनिवेशिक शासनको तुसका रूपमा संस्थागत भएको असमानता र भौगोलिक चरित्रका असमानता लगायत सामाजिक न्यायसँग सम्बन्धित संरचनागत समस्या सम्बोधन गर्नतर्फ पनि रहरलाग्दो फड्को मारिसकेका छन् ।

त्यसैले आप्रवासन केवल प्रतिशतमा हिसाब गर्ने गणितीय तथ्यांकमा आधारित आर्थिक पक्ष मात्र होइन । यो एउटा यस्तो बहुआयामिक प्रक्रिया हो जसमा व्यक्तिविशेष निजी र पारिवारिक दैनिक आवश्यकतालाई सम्बोधन गर्दै श्रम लगानी गरेको गन्तव्य र धेरथोर अर्थ, फराकिलो दृष्टिकोण, मिश्रित अनुभव, सीप र ज्ञानसहित फर्केको आफ्नो उद्गम समाजको समग्र विकास र रूपान्तरणमा टेको बन्छ । यस्तो विकास र रूपान्तरण जुन आर्थिक रूपमा समयसँगै तन्किने मात्र होइन, विकास र समृद्धिका सामाजिक-सांस्कृतिक संरचनागत चुनौतीहरूलाई पनि सम्बोधन गर्न र सामाजिक न्यायको प्रत्याभुत गर्न सहयोगी हुन सक्छ ।

हाम्रोजस्तो भौगोलिक जटिलता र सांस्कृतिक विभेदले जेलिएको सामाजिक चरित्रका छिद्रहरूलाई सम्बोधन गरी विकास र समृद्धिको खाका तय गर्न सत्ता सौदाबाजीका लागि गरिने राजनीतिक निर्णयले खासै अर्थ नराखेको त पटकपटक पुष्टि भैसकेको छ । तर पनि भर्खर निर्वाचित संघीय संसद्ले केही सकारात्मक नीतिगत काम गर्ने हो भने एउटा अवसरको अपेक्षा गर्न सकिएला र श्रम आप्रवासनलाई व्यवस्थित गर्न पनि । यसबाट मतदाता र करदाताले आर्जन गरेको विप्रेषणले वर्षौंदेखि थाती हाम्रा विकासका योजनाहरू अगाडि बढाउन विदेशी ऋण र अनुदानको भार क्रमशः घट्दै जान सक्छ । तर त्यसका लागि सुरुआत हामीले नीतिगत तहबाटै गर्नु र श्रम आप्रवासनप्रतिको हाम्रो साँघुरो सोचलाई बदल्नु त्यति नै जरुरी छ जति आप्रवासी श्रमिकमाथि हुने ठगी, शोषण र ज्यादतीका अग्ला पर्खालहरू भत्काउनु छ । अनि यी सब गर्नका लागि अहिलेको वैदेशिक रोजगार व्यवसायलाई मानव तस्करी भूमिकाबाट आप्रवासन व्यवसायमा रूपान्तरण गर्नु सबैभन्दा प्रमुख र चुनौतीपूर्ण कार्य हो । यो चुनौतीलाई सम्बोधन गर्न हामीले अहिलेको नीतिगत त्रुटिलाई समाधान गर्नुपर्छ । त्यो भनेको हाम्रा समस्यालाई सम्बोधन गर्न सकने एकीकृत आप्रवासन नीति बनाउनुपर्छ । यस्तो नीति जसले हाम्रा कूटनीतिक निकायहरूलाई श्रमिकका सवालमा संवेदनशील बनाओस्; अध्यागमन प्रक्रिया आप्रवासनप्रति संवेदनशील बनाउन सघाओस्; विकासे खाकाले आप्रवासीको सामाजिक-सांस्कृतिक विप्रेषणलाई राष्ट्रिय पुँजीका रूपमा समाज परिवर्तनमा लगाउन सकोस्; लैंगिक, अपांग, आप्रवासीका परिवारमाथि भैरहेको सामाजिक अपहेलना, लैंगिक हिंसाको उचित सम्बोधन गर्ने प्रावधान र श्रमिक फर्केपछिको उसको सीप र दक्षताको भरपूर उपयोग गर्ने खाका समेटोस् । नीतिगत तहमा सुधारपछि हामी संरचनागत सुधारमा क्रमशः जानुपर्ने हुन्छ तर नीतिगत तह नै पहिलो खुड्किलो हो ।साभार : कान्तिपुर

## १६७ सांसद्को.......

दिएका हुन् ।

प्रचण्डलाई नेकपा एमालेको ७८, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राष्ट्रिय प्रजातन्त्र पार्टीका १४, जनता समाजवादी पार्टीका १२, जनमत पार्टीका ६, नागरिक उन्मुक्ति पार्टीका ४ र अमरेशकुमार सिंहसहित १६७ सांसदले समर्थन गरेका छन् ।

सात दलबीच भएको सहमति अनुसार एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आधा आधा कार्यकाल प्रधानमन्त्री हुने भएका छन् ।

राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखसहितका पदहरुको भागवण्डा भने मिलिसकेको छैन ।

प्रचण्ड संविधानको धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा धेरै दलहरुको समर्थनमा प्रधानमन्त्री हुन लागेका हुन् । मंसिर ४ को निर्वाचनमा राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) अनुसार सरकार बनाउन आह्वान गरेकी थिइन् ।

उनले दिएको समय आजै साँझ ५ बजे सकिएको छ। समय सकिनुअघि नै प्रचण्ड शीतल निवास पुगेर आफ्नो दाबी पेश गरेका हुन् ।

## ५० लाख ......

सेप्टी ट्यांकीमा फालिएको अवस्थामा आइतबार फेला परेको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर २५ सिर्सिया खल्वा टोलका श्रीमान् पासवानका १५ वर्षिय छोरा नीरज पासवानको शव खल्वा टोलमै रहेको गुरुकुल पन्ना बोर्डिंग स्कुलको शौचालयको सेप्टी ट्यांकीबाट बरामद भएको हो ।वीरगंजको मीना बजारमा मासु पसल सञ्चालन गर्दै आएका श्रीमान् पासवानका छोरा नीरज गत मंसिर ५ गते सम्पर्क विहिन भएका थिए । मंसिर ६ गते अभिभावकले वडा प्रहरी कार्यालय विर्तामा नीरजको खोजतलाशका लागि निवेदन दिएका थिए । त्यसको चार पाँच दिन पछि अपरिचित व्याक्तिहरुले बुबा श्रीमान पासवानलाई मोबाइलमा फोन गरेर ५० लाख रुपैया फिरौती माग गरेपछि नीरज अपहरणमा परेको खुलाशा भएको थियो ।

त्यसपछि नीरजका बुबा श्रीमान् पासवानले आफनो छोरा अपहरणमा परेको र अपहरणकारीले ५० लाख फिरौती मागेको जानकारी प्रहरीकोमा गराएका थिए । प्रहरीले नीरजको खोजतलाशका क्रममा अपहरणमा संलग्न रहेको आशंकामा एक हप्ता पहिले दुइ जना स्थानीयलाई नियन्त्रणमा लिएको थियो । तीनै दुवै जनाले दिएको बयानका क्रममा आइतबार प्रहरीले विद्यालयको शौचालयको सेप्टी ट्यांकी भित्रबाट नीरजको शव बरामद गरेको हो ।

प्रहरी हिरासतमा रहेका दुइ व्याक्तिको परिचय प्रहरीले नखुलाएपनि उनीहरु मध्ये पटेल थरका एक व्याक्ति र गुरुकुल पन्ना बोर्डिंग स्कुलका एक जना शिक्षक रहेको श्रोतले जनाएको छ । उनीहरुले नै फिरौतीका लागि नीरजको अपहरण गरेर हत्या गरि शव, सेप्टी ट्यांकीमा लुकाएर राखेको बताइएको छ ।

आइतबार अपरान्ह साढे ३ बजे प्रहरीको टोलीले विद्यालयको सेप्टी ट्यांकीमा उत्खनन् शुरु गरेको र साँझ ५.३० बजे नीरजको शव, घाँटी र खुट्टा डोरीले बाँधेर फालिएको अवस्थामा सेप्टी ट्यांकी भित्र भेटिएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरिले जानकारी दिए ।

नीरजको हत्या गरि शव, सेप्टी ट्यांकी भित्र हालेर माथि माटो र बालुवाले पुरिएको अवस्थामा भेटिएको गिरिले बताए ।

प्रहरी नायब उपरिक्षक गिरिले घटनाामा संलग्न रहेको आशंकामा केहि व्याक्तिलाई नियन्त्रणमा लिएको र शंकास्पद अन्यको पनि प्रहरीले खोजी गरिरहेको बताए ।

उनले भने, ‘अपहरणकारीले ५० लाख फिरौती मागेर अभिभावकलाई फोन गरेका रहेछन्, त्यहि नपाएर हत्या गरेको हुन सक्छ, हामीले यस बारेमा अनुसन्धान गरिरहेका छौ ।

## जथाभावी........

महानगरले बजार क्षेत्रको विभिन्न स्थानमा निश्चित पार्किङको व्यवस्था मिलाइसकेको छ ।

फलफुल बजार र ठेला व्यवसायलाई पनि व्यवस्थित गर्न महानगरले काम अघि बढाएको छ ।

फुटपाथ अतिक्रमण गरेर राखेको बालुवा गिटी जन्य निर्माण सामग्री तथा अतिक्रमण गरेर बनाइएका संरचनाले बजार कुरुप देखिने गरेको थियो ।

वीरगञ्जलाई हराभरा र सुन्दर बनाउन पनि अभियान चलाउनु परेको महानगरका सरसफाई तथा बृक्षारोपण संयोजक जयप्रकाश खेतान बताउँछन् । आइबार फुटपाथ अतिक्रमण नियन्त्रण र पार्किङ कार्यान्वयनका लागि मेयर सिंहसहित वीरगञ्ज महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्धिन मियाँ, नगरप्रहरी प्रमुख हरि भुषाल, महानगरको सरसफाई तथा बृक्षारोपण संयोजक प्रकाश खेतान लगायतको सहभागिता रहेको थियो ।

# जिपलाइन, स्काई साइक्लिङ गर्ने सुविधासहित वीरगञ्जमै खुल्यो ८ करोडको लागतमा पार्क



वीरगञ्ज। साहसिक र रमाइलो अनुभव खोजी गर्नेहरुका लागि वीरगञ्जमै साहसिक पार्क संचालनमा आएको छ। वीरगञ्ज महानगरपालिकाको वडा नम्वर १४ बाइपासको बोलबम पेट्रोल पम्प नजिक संचालनमा ल्याइएको 'वर्ल्ड अण्डर' पार्कमा रोमाञ्चक र साहसिक खेलले आनन्द लिन सकिने छ।

वीरगञ्जमा दिन विताउनका लागि आवश्यक घुमफिर गर्ने स्थान अभाव रहेकोमा अब यो पार्क संचालनमा आए सँगै वीरगञ्ज घुम्न आउने तथा यहीका स्थानीयका लागि पनि दिन विताउन पार्क फलदायी रहने देखिएको छ।

डेढ विघा जग्गामा ८ करोडको लगानीमा संचालनमा ल्याइएको पार्कमा विभिन्न प्रकारका साहसिक खेलका साथै आकर्षक सजिसजावट गरिएको छ।

यहाँ जिपलाइन, स्काई साइकल, मल्टिपल रोप कोर्स, ऱ्यापेलिङ, र वाल क्लाइम्बिङ जस्ता साहसिक खेलको अनुभव लिन सकिने छ।

वीरगञ्ज बाहिर गएर यस्ता खेलको अनुभव लिनुपर्ने बाध्यता पार्क संचालनमा आएसँगै हटेको पार्कका सञ्चालक सौरभ केडिया बताउँछन्।

५ जना व्यवसायीको संयुक्त लगानीमा संचालनमा ल्याइएको यो पार्कमा साहसिक खेलका साथै रोमाञ्चक बहु खेल मैदान पनि रहेको छ। जसमा फुटसल, टेनिस, भलिबल र क्रिकेट खेलको अत्याधुनिक सुविधा पनि लिन सक्ने केडिया बताउँछन्।

पार्क भित्र छिरिसकेपछि खाजा नास्ताका लागि यहाँ घुम्न आउनेहरु बाहिर निस्कनु नपर्ने गरी व्यवस्था मिलाइएको छ। आवश्यक खानेकुरा तथा पेय पदार्थ पार्कभित्रै स्टलमा प्राप्त गर्न सक्ने गरी व्यवस्था मिलाइएको अर्का संचालक दीपक बेद बताउँछन्।

पार्कको आइतबार विधिवत पुजा गरेर संचालनमा ल्याइएको छ। वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले विधिवत पुजा गरी पार्कको उद्घाटन गरेका हुन्।

उनले यस्ता पार्कले घुम्न आउनेका लागि समय व्यतित गर्ने ठाउँ मात्रै नभई रोजगारी सिर्जना गरेर अर्थतन्त्र चलायमान बनाउने विश्वास लिए।

उद्घाटन कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, उद्योगी अशोक वैद्य, सौरभ केडिया, आरोह मित्तल, हेमंत बेद, सनी अग्रवाल लगायतको उपस्थिति थियो।

# लायन्स क्लब अफ वीरगञ्ज सहयोगीद्वारा निःशूल्क मधुमेह परीक्षण शिविर सम्पन्न



वीरगञ्ज।लायन्स क्लब अफ वीरगञ्ज सहयोगीको आयोजनामा निःशूल्क मधुमेह परीक्षण शिविर सम्पन्न भएको छ। वीरगञ्जको माइस्थानस्थित गहवा मन्दिर अगाडीको पार्कमा शिविर सम्पन्न भएको हो।

क्लबका अध्यक्ष दिलपाल साहको अध्यक्षतामा भएको शिविरबाट १ सय जनाभन्दा धेरै लाभान्वित भएको क्लबका प्रथम उपाध्यक्ष पशुपति भट्टले जानकारी दिए।

शिविरमा १७ वर्षदेखि ७० वर्ष उमेर समूहकाले निःशूल्क रुपमा मधुमेह परीक्षण गराएका थिए। पुषको बढ्दै गरेको चिसो र शितलहरका बाब्जुद पनि शिविरमा परीक्षणका लागि उल्लेख्य उपस्थिती रहेको थियो।

वीरगञ्जकै ६४ वर्षीय प्रलाद राय अग्रवालले निःशूल्क रुपमा सुगर (मधुमेह) को परीक्षण गर्न पाउँदा खुशी व्यक्त गरे।

६७ वर्षीय दिना प्रसाद गुप्ता पनि निःशूल्क मधुमेह परीक्षण शिविर हुने खबर थाहा पाएर परीक्षण गराउन बिहानै माइस्थान पुगेका थिए। 'फ्रि मै सुगर चेक गराउन पाउँदा असाध्यै खुशी लागेको छ। यस्तै कार्यक्रम सँधै भइरहनुपर्छ' गुप्ताले भने।

गुप्ता जस्तै मुहारमा मुस्कान छर्दै वीरगञ्ज माइस्थान निवासी ६२ वर्षीय कलावती देवी रौनियारले पनि शिविरबाट लाभ लिएकी छिन्।

शिविरमा क्लबका सचिव एवम् कन्सलटेन्ट फिजिसियन डा. अजय कुमार गुप्ता, सहसचिव एवम् कन्सलटेन्ट फिजिसियन डा. प्रवेज आलम अन्सारी र कन्सलटेन्ट इन्डोक्रिनोलोजिष्ट डा. राजीव यादवले सहभागीहरुलाई परामर्शसँगै स्वास्थ्यमा ध्यान दिनुपर्ने बारे सुझाव दिएका थिए।

शिविरमा डा. अजरा खातुनल, डा. निर्माया नेपाली, डा. एलिना साह, डा. सुमित चौधरी, डा. सुन्दर भण्डारी, डा. अमृत थापा, डा. रञ्जिता मण्डल र डा. चाँदनी शाहले तौल, रक्तचापसँगै मधुमेह परीक्षण गरेका थिए।

यसअघि विश्व मधुमेह दिवसको अवसरमा पनि सोही ठाउँमा क्लबले मधुमेह परीक्षणको शिविर आयोजना गरेको थियो। उक्त शिविर भव्य रुपमा सफल भएसँगै दोस्रो पटक पनि शिविरलाई निरन्तरता दिइएको क्लबका द्वितिय उपाध्यक्ष अमरकान्त झाले बताए।

आगामी दिनमा अरु पनि सामाजिक कार्यमा अग्रसर रहनुका साथै स्वास्थ्य क्षेत्रलाई पनि प्राथमिकतामा राखेर क्लबले काम गर्ने झाको भनाई छ।

शिविरमा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह पनि सहभागी भएर सामाजिक कार्यमा सरीक हुन प्रोत्साहन गरेका थिए। सामाजिक कार्यमा महानगरले पनि साथ दिने विश्वास दिलाउँदै उनले गरिब, विपन्न एवम् न्युन आर्थिक अवस्थाका परिवारको स्वास्थ्यमा टेवा पुग्ने खालका कार्यक्रम क्लबहरुले गरेकोमा खुशी व्यक्त गरे।

शिविरमा क्लबका पदाधिकारी, सदस्यहरुका साथै विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको पनि उपस्थिती रहेको थियो।

# मुखैमा आएको सत्ता फुत्किने गरी कसले उचाल्यो देउवालाई ?

काठमाडौं, पुस १०,
उद्धव थापा

आइतवार बिहानसम्म सारा राजनीतिक सम्भावनाको सम्मुखमा रहेको कांग्रेस मध्याह्नसम्म पुग्दा शून्यमा झऱ्यो। सबै सम्भावनाहरू एकाएक असम्भव बनिदियो।

केन्द्रदेखि प्रदेशसम्मको सत्ता सम्भावना एकाएक टऱ्यो।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ५ वर्षे कार्यकालको पहिलो आधा कार्यकाल प्रधानमन्त्री मागेका थिए। प्रचण्डको प्रस्ताव कांग्रेसले इन्कार गरेपछि कांग्रेसको हातबाट तत्कालका लागि सबै सम्भावनाहरू फुत्कियो।

कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री आफैले पाउनुपर्ने भन्दै बटमलाइन बनायो। जुन प्रचण्डले स्वीकार गरेनन्।

बालुवाटारको वार्तालाई सविस्तार सुनाउँदै एकीकृत समाजवादीका नेता झलनाथ खनालले भने, 'शेरबहादुर देउवाले प्रचण्डलाई प्रधानमन्त्रीको बचन दिनुभएको रहेछ। आज उहाँले आफ्नै प्रतिबद्धताबाट पछि हट्नुभयो र अहिलेको अवस्था आयो।'

खनालले सुनाएअनुसार, आजको बैठकमा देउवाले आफूलाई पहिलो कार्यकालमा प्रधानमन्त्रीको बचन दिएको प्रचण्डले सुनाएका थिए। माधव नेपाल र झलनाथ खनालले देउवालाई तपाईंले त्यस्तो बचन दिनुभएको हो ? भनेर सोधेका थिए। देउवाले बचन दिएको तर, अहिले पार्टीका साथीहरूका कारण आफैँ प्रधानमन्त्री बन्नुपर्ने अवस्था आएको जवाफ बैठकमा सुनाएका थिए।

त्यसपछि, प्रचण्डले 'तपाईं आफ्नो बचनमा प्रतिबद्ध हुनुहुन्न भने आगामी दिनका लागि कसरी विश्वास गर्ने ? तपाईंलाई विश्वास गर्न सकिएन' भनेका थिए। माधव नेपाल र झलनाथ खनालले पनि देउवालाई सम्झाउने प्रयास गरे। तर, देउवाले पार्टीका साथीहरूको कारण देखाए।

अन्ततः प्रचण्डले आफूलाई देउवाबाट धोका भएको भन्दै गठबन्धनको औचित्य सकिएको भनेर बालुवाटारबाट बाहिरिए र खुमलटार हुँदै बालकोट पुगे। बालकोटबाट प्रधानमन्त्री हुन १६९ सांसदको बल लिएर राष्ट्रपतिले दिएकै समयमा शितलनिवास पुगे र प्रधानमन्त्री नियुक्तिको पत्र लिए।

प्रचण्ड बालुवाटारबाट बाहिरिएपछि कांग्रेस नेताहरूमा छटपटाहट शुरू भयो। कांग्रेसका नेता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की मलिन अनुहार लिएर पत्रकार समक्ष आए र गठबन्धनको औचित्य बाँकी रहेको बिलौना सुनाए। फेरि गठबन्धनको बैठक बस्ने दाबी गर्दै खाना खान उनी बालुवाटारबाट बाहिरिए।

प्रचण्ड बालुवाटारबाट बाहिरिएपछि प्रधानमन्त्री शेरबहादुर देउवाले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई फोन गरेर दुई दल मिलेर सरकार बनाउन प्रस्ताव गरेका थिए। तर, ओलीले स्पष्ट जवाफ दिएनन्। उनी प्रचण्डको पर्खाइमा थिए।

प्रचण्ड बालकोट पुगेर सत्ता समीकरणको सहमतिमा हस्ताक्षर गर्दै-गर्दा बालुवाटारमा चार दलको बैठक बस्यो। प्रचण्डलाई सर्वसम्मत रोजेको राजनीतिक पद दिने सहमति बन्यो र प्रचण्डलाई तारन्तार फोन गरियो। तर, त्यो समय ढिलो भइसकेको थियो।

केपी शर्मा ओली निवासमा भएको बैठकमा सहभागी एमाले उपमहासचिव विष्णु रिमालका अनुसार, प्रचण्डलाई प्रधानमन्त्री बनाउने भन्दै कांग्रेसका नेताले तारन्तार फोन गरेका थिए। तर, प्रचण्डले ढिलो भएको जवाफ फर्काएका थिए।

किन होल्ड भए देउवा ?

प्रचण्डले गत शनिवार नै देउवालाई एक्लै भेटेर प्रधानमन्त्री दाबी गरेका थिए। त्यसबेला देउवाले संसदीय दलको नेता चुनिएपछि मात्रै छलफल गर्ने जवाफ दिएका थिए। तर, प्रचण्डले आफ्नो दाबी छाडेनन्।

प्रचण्डलाई प्रधानमन्त्री नदिँदा गठबन्धन भत्किन्छ भन्ने देउवाले नबुझेका होइनन्। तर, अहिलेको अवस्था सिर्जना हुनुमा कांग्रेसमा मुख्य ४ नेताको भूमिका रहेको देउवानिकट एक नेताले जानकारी दिए। विमलेन्द्र निधि, प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की र आरजू राणाका कारण सत्ताको पासा पल्टियो। कांग्रेसको डुङ्गा चुलुम्मै डुब्यो। 'यी ४ जना नेताहरूले प्रचण्डलाई होल्ड गरे। कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री दुवै लिनुपर्छ र त्यो लिन सकिन्छ भनेर देउवालाई उक्साइरहे', ती नेताले भने।

विमलेन्द्र निधिले भारतीय सहयोग रहनेभन्दै देउवालाई अडानमा अडिन दबाब दिइरहेका थिए। प्रकाशशरण महतले भने एमालेसँग कुरा भएको र माओवादीले धोका दिए कांग्रेस-एमालेको समीकरणमा सरकार बनाउन सकिने भन्दै देउवालाई आश्वस्त पारेका थिए। देउवा प्रधानमन्त्री हुँदा आफूले रोजेको मन्त्रालयसहित सरकारमा रहन पाइने लोभमा महत रहेको ती नेताले बताए।

उता सञ्चारमन्त्रीसमेत रहेका ज्ञानेन्द्रबहादुर कार्कीले भने राष्ट्रपति विद्यादेवी भण्डारीलाई सरकार बनाउने समय थप्न लगाउने भनेर प्रधानमन्त्री र राष्ट्रपतिको दाबी नछाड्न भनेको कांग्रेसका एक नेताले सुनाए। राष्ट्रपति भण्डारी र ज्ञानेन्द्र कार्कीको नातेदारी सम्बन्ध छ। राष्ट्रपति भण्डारीकी बुबा रामबहादुर पाण्डे ज्ञानेन्द्रबहादुर कार्कीका साख्खे मामा हुन्। भण्डारी र कार्कीबीच दाजु-बहिनीको सम्बन्ध छ।

प्रधानमन्त्री पत्नी डा. आरजु राणाले भने कांग्रेसका सांसदहरूलाई बालुवाटार बोलाएर देउवा नै प्रधानमन्त्री हुनुपर्छ भनेर रोइलो गर्न लगाएकी थिइन्। यी सबै कारणले देउवालेको पदीय महत्वकांक्षा बढ्दै गयो।

कांग्रेसका एक नेताले भने, 'पूर्णबहादुर, रामचन्द्र र बालकृष्णहरू मिलाउन नै लागेका थिए। बालकृष्ण चुनाव हारेको भएर पनि होला देउवाले खासै कुरा सुनेनन्। पूर्णबहादुर र रामचन्द्रमाथि अरू ४ जना बढी हाबी भए।'

प्रचण्ड गठबन्धन छाडेर बाहिरिएपछि देउवासहित कांग्रेसका नेताहरू छलफलमा बसेका थिए। उक्त छलफलमा उपसभापति पूर्णबहादुर खड्का र प्रकाशशरण महतबीच झण्डै कुटाकुटकोस्थिति बनेको ती नेताले सुनाए। 'पूर्णबहादुरले प्रचण्डलाई प्रधानमन्त्री दिनुपर्थ्यो, गल्ती भयो भने। तर, प्रकाशशरणले माओवादीलाई किन प्रधानमन्त्री दिने भन्दै झोक्किए। त्यसपछि तनावपूर्ण स्थिति बन्यो। झण्डै हात हालाहालको अवस्था बन्यो', ती नेताले बताए।

बालुवाटारमा कांग्रेसका नेताहरूको तनावपूर्ण बैठकपछि शेरबहादुर देउवा अन्ततः प्रचण्डलाई प्रधानमन्त्री दिन तयार भए। त्यसपछि प्रचण्डलाई फोन गरियो, त्यसबेला उनी केपी ओली निवास बालकोटमा सत्ता समीकरणको हिसाब मिलाउने अन्तिम क्षणमा थिए।

बालुवाटारबाट आएको फोन उनले बैठकमा रहेका नेताहरूलाई पनि देखाए। केहीबेर फोन उठाएनन्। तारन्तार फोन आइरहेपछि प्रचण्डले जवाफ दिए, 'अहिलेलाई ढिलो भयो। अवसर मिल्यो भने फेरि सहकार्य गरौँला।'सभार लोकान्तर




## निर्वाचनमा........

स्वतन्त्र पार्टीका उम्मेदवारले एमालेका उम्मेदवारलाई समर्थन गरेको दाबी गर्दै हस्तलिखित नोट फैलाइएकामा त्यो गलत रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले नै विज्ञप्तिमार्फत जानकारी गराएको थियो। समूह-समूहमा पठाइने यस्ता सन्देशहरू सार्वजनिक नहुने हुनाले यसको अनुगमन पनि कठिन हुने गर्छ।

भाइरल भएका मिथ्या सूचना

सामाजिक सञ्जालमा धेरैले सेयर गरेको वा धेरैले कमेन्ट गरेको विषय सही हुनुपर्छ भन्ने हुन्न। चुनावअघि नै जुम्लाबाट राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार ज्ञानेन्द्र शाही निर्विरोध निर्वाचित भएको खबर सामाजिक सञ्जालमा भाइरल भएको थियो, जबकि त्यो सही थिएन।

शाही पछि निर्वाचित त भए तर निर्विरोध भएका थिएनन्। त्यस्तै, चितवनबाट रवि लामिछाने निर्विरोध निर्वाचित भएको खबर पनि सामाजिक सञ्जालमा धेरै फैलिएको थियो। त्यो पनि सही थिएन।

मतगणनाअघि नै मतपरिणाम

यस पटकको चुनावमा मतपरिणामका समाचार पनि धेरै पटक मिथ्या प्रवाह भए।

सबैभन्दा रोचक उदाहरण चितवन क्षेत्र नम्बर-२ को थियो। त्यहाँ मतगणना सुरु नहुँदै केही स्थापित अनलाइन मिडियाले मतसंख्यासहित रवि लामिछानेले सुरुआती गणनामा अग्रता लिएको समाचारहरू प्रकाशित भएका थिए। जबकि, मतगणना सुरु भएको दोस्रो दिनसम्म पनि उनले अग्रता लिन सकेका थिएनन्।

सकारात्मक पक्ष

फेसबुकको मातृ संस्था मेटासितको सहकार्यमा सेन्टर फर मिडिया रिसर्च नेपालले निर्वाचन अघि र पछि गरी एक महिना फेसबुकका सामग्रीको अनुगमन गरेको थियो।

यस क्रममा हजारौं सामग्रीको अध्ययन भयो। विदेशमा जस्तै निर्वाचनको परिणामप्रति शंका जन्माउने, मतदानलाई निरुत्साहित पार्ने, निर्वाचन प्रणालीप्रति नै अनास्था जगाउने खालका खतरनाक मिथ्या सूचना नेपालमा भेटिएनन्। प्रविधिको दुरुपयोग गरी सही वा गलत पत्ता लगाउनै गाह्रो हुने गरी मिथ्या सूचना फैलिन सक्ने सम्भावना उत्तिकै थियो। तर यो अवधिमा त्यस्तो खासै देखिएन।

स्थापित मिडियाको झैं देखिने गरी उनीहरूले नछापेका समाचार छापिएको झैं देखिने गरी फैलाइनु र त्यसमा पत्रकारहरू नै संलग्न रहनु अवश्य पनि चिन्ताको विषय थियो। तर तथ्य जाँच गर्ने संस्था, सम्बन्धित मिडिया र त्यसमा कार्यरत पत्रकार र दल तथा पत्रकारितासँग सम्बन्धित संस्थाहरू त्यसलाई समयमै चिरेर सही तथ्य सार्वजनिक गर्न सफल भए।

लोकतन्त्रको जग नागरिक निर्णयमा र नागरिक निर्णयको जग प्रत्येक नागरिकले प्राप्त गर्ने सूचना र जानकारीमा आधारित हुन्छ। मिथ्या सूचनाले नागरिकलाई गलत निर्णय लिन प्रेरित गर्छ जसका कारण लोकतन्त्र कमजोर हुन सक्छ।

तसर्थ मिथ्या सूचनाविरुद्ध सतर्क रहनु र जनचेतनामार्फत यसलाई नियन्त्रण गर्नु सबैको प्राथमिकताको विषय हुनुपर्छ।

श्रेष्ठ तथ्यजाँच गर्ने संस्था नेपाल फ्याक्ट चेकका सम्पादक हुन्।सभार इकान्तिपुर